### ग) शोषण विरुद्धको हक

प्रथा परम्परा र प्रचलनको नाममा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइने छैन, मानिसलाई बेचविखन गर्न दास वा बाँधा बनाउन पाइने छैन र कसैलाई निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन ।

## मुलुकी ऐन

### जवरजस्ती करणीको महल :

- कुनै पनि पुरुषले कुनै पनि महिलाको मन्जुरी विना जवरजस्ती यौन सम्पर्क राख्नु नै जवरजस्ती करणी हो ।
- १६ वर्षको मुनिको बालिकाको मन्जुरीबाट भएको करणीलाई जवरजस्ती करणी मानिन्छ ।
- आफ्नै स्वास्नीको सहमति विनाको यौन सम्बन्धलाई पनि जवरजस्ती करणी भनिन्छ ।

### जवरजस्ती करणीको महल अनुसार निम्नानुसार सजाय हुन सक्दछ।

- १० वर्ष भन्दा मुनिको बालिका भए १० देखि १५ वर्ष कैद
- १० वर्ष देखि १४ वर्ष मुनिका बालिका भए ८ देखि १२ वर्ष कैद
- १४ वर्ष भन्दा माथि १६ वर्ष भन्दा मुनिको ६ देखि १० वर्ष कैद
- १६ वर्ष भन्दा माथि २० वर्ष भन्दा मुनिको महिला भए ५ देखि ८ वर्षसम्म कैद
- २० वर्ष वा सो भन्दा माथिको महिला भए ५ देखि ७ वर्षसम्म कैद
- लोग्नेले स्वास्नीलाई जवरजस्ती करणी गरेमा ३ महिना देखि ६ महिनासम्म कैद

## बलात्कारको उद्योगमा हुने सजाय

- जवरजस्ती करणीको उद्योग गर्नेलाई जवरजस्ती करणी अपराधमा हुने सजायको आधा सजाय हुने छ ।
- जवरजस्ती करणी गर्न अह्रायाउनेलाई अपराध भइसकेकोमा अपराधको सजाय र अपराध हुन नपाएको तर उद्योगसम्म भएकोमा आधा सजाय हुन्छ ।
- जवरजस्ती करणी (बलत्कार) गर्ने कुरा थाहा पाई सँगै जाने समाउने वा काममा मद्दत गर्ने मतियारलाई निम्नानुसार सजाय हुन सक्छ ।
  - १६ वर्ष वा सो भन्दाको महिला भए ३ वर्ष सम्म कैद
  - १६ वर्ष मुनिको बालिका भए ६ वर्ष सम्म कैद

## जवरजस्ती करणीमा हुने थप सजाय

- सामूहिक जवरजस्ती करणीमा थप ५ वर्ष कैद
- गर्भवति महिलाको जवरजस्ती करणीमा थप ५ वर्ष कैद
- अपाङ्ग महिलाको जवरजस्ती करणीमा थप ५ वर्ष कैद
- अशक्त महिलाको जवरजस्ती करणीमा थप ५ वर्ष कैद
- हिरासतमा जवरजस्ती करणीमा थप १ वर्ष कैद र विभागीय कार्वाही सतित्व रक्षामा पाउने सुविधा
- बलत्कार गर्दाको अवस्थामा प्रतिकार गर्दा बलत्कारीको ज्यान मर्न गएमा पनि कुनै सजाय हुदैन ।
- बलत्कार भए पछि रिस ठाम्न नसकि १ घण्टा भित्र केही गर्दा बलत्कारीको ज्यान मर्न गएमा पनि केही सजाय हुँदैन ।
- बलत्कार भएपछि रिस ठाम्न नसकि १ घण्टा उप्रान्त केही गर्दा बलत्कारीको ज्यान मर्न गएमा रु ५०००।- सम्म जरिवाना वा १० वर्ष सम्म कैद हुन सक्छ ।

## घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा बनेको ऐन २०६६

- घरेलु हिंसाका परिभाषा: "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुर्‍याउने अन्य कुनै कार्यलाई समेत जनाउँदछ ।
- घरेलु हिंसा भएको, भईरहेको वा हुन लागेको थाहा पाउने जो सुकैले प्रहरीको १०० नम्बरमा फोन गर्न र अफिसमा उजुरी गर्न, राष्ट्रिय महिला आयोग र स्थानिय निकाय समक्ष उजुरी दिन सक्ने व्यवस्था छ ।
- तेस्रो पक्ष (थाहा पाएको जो सुकै व्यक्तिले) समेत उजुरी दिन सक्ने व्यवस्था गरेको छ ।
- बन्द इजलासको व्यवस्था गरेको छ ।
- पीडितले चाहेमा सोझै अदालतमा समेत उजुरी दिन सक्ने छ ।
- अन्तरीम संरक्षणात्मक व्यवस्था गर्न सक्ने छ ।
- संक्षिप्त कार्य विधिको व्यवस्था गरेको छ ।
- उपचारको रकम पिडकले व्योहोर्नु पर्ने व्यवस्था छ ।
- मेल मिलाप र समन्वय गर्ने व्यवस्था छ ।
- सेवा केन्द्र र सेवा कोषको व्यवस्था छ ।
- ९० दिन भित्र उजुरी दिनु पर्ने व्यवस्था छ ।

श्रोत: नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्र टेकु, काठमाडौं


**इन्द्रेणी समाज केन्द्र, नेपाल**

फोन नं. ०७५-५२००९१

इमेल: iskpalpa@yahoo.com

वेवसाईट: www.isknepal.org.np


सन्दर्भ

"घर शान्ति नै विश्व शान्तिको आधार:
दिगो विकासका लागि लैङ्गिक हिंसा रहित समाज"

# लैङ्गिक हिंसा विरुद्धको १६ दिवसीय अभियान

(नोभेम्बर २५ देखि डिसेम्बर १०) २०१६




# लैङ्गिक हिंसा र यसको रोकथाम

### लैङ्गिक हिंसा के हो ?

लैङ्गिक हिंसा भन्नाले पुरुषद्वारा महिला विरुद्ध वा महिलाद्वारा पुरुष विरुद्ध गरिने प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि क्रियाकलापहरू जसले पिडितको शारीरिक, मानसिक, सामाजिक पक्षको हानि एवम् नोक्सानी गर्छ भने त्यस्तो क्रियाकलापलाई लैङ्गिक हिंसा भनिन्छ । यस्ता लैङ्गिक हिंसा जन्य क्रियाकलापहरू मानव अधिकार विरुद्ध हुनुका साथै यसले मानव स्वस्थ्यमा पनि नकारात्मक असर पार्दछ ।

समाजमा रहेका मूल्य, मान्यता, धारणा एवम् संरचनाका आधारमा महिला र पुरुषको भूमिका एवम् क्रियाकलापहरू समाजले नै निर्धारण गरिएका हुन्छन् । यिनै संरचनाहरूको

आधारमा पुरुष एवम् महिला विचमा असमान विभेदहरू रहेको पाइन्छ जसको फलस्वरूप पुरुषद्वारा महिला एवम् महिलाद्वारा पुरुष प्रताडित हुने एवम् एकले अर्का माथि गरिने हिंसाजन्य क्रियाकलापलाई लैङ्गिक हिंसा भनिन्छ । नेपाली समाज र यसको व्यवहारीक पक्षलाई हेर्ने हो भने महिलाद्वारा पूरुष माथि हुने लैङ्गिक हिंसा न्यून रहेको छ भने त्यसको तुलनामा पुरुषद्वारा महिला माथि गरिने लैङ्गिक हिंसा अत्याधिक पाईन्छ ।

## लैङ्गिक एवम् घरेलु हिंसाका प्रकारहरू

### क) शारीरिक यातना तथा हिंसा

दाइजो नल्याएको, छोरा नपाएको वा यस्तै यस्तै कारणहरूको आधार मा महिलालाई पिट्नु अंगभंग एवम् अपाङ्गता पार्नु, जलाउनु, बलपूर्वक गर्भपतन गराउनु र शारीरिक यातना दिई मार्ने समेत गर्नु शारिरीक यातना तथा हिंसा अन्तर्गत पर्दछ ।

### ख) मानसिक एवम् मनोवैज्ञानिक यातना तथा हिंसा

डर, ढाक, धम्की, त्रास पूर्ण व्यवहार, गाली गलौज, झुठा आरोप, बेइज्जत, भेदभाव गरी यातना दिनु, होच्चाएर असमान्य व्यवहार गर्नु आदि मानसिक एवम् मनोवैज्ञानिक यातनाहरू हुन् । आँखा तरेर हेर्नु वा मौखिक रूपमा अपशब्द बोल्नु, असुरक्षित महसुस गर्न बाध्य पार्नु साथै छोड पत्र गर्छु भन्नु, खाना दिन्न भनि घरबाट निकाल्छु आदि भन्नु मानसिक एवं मनोवैज्ञानिक यातना तथा हिंसा गर्नु हो ।

### ग) यौनजन्य यातना तथा हिंसा

इच्छा एवम् चाहाना विपरित शारीरिक सम्पर्क राख्नु, असुरक्षित यौन सम्पर्क राख्नु, बलजफ्ती गर्भधारण गर्न बाध्य गर्नु, असमान्य यौन सर्म्पक गर्नु, बलात्कार, यौन जन्य दुर्व्यवहार, यौनयातना तथा शोषण, हाडनाता करणी, वैवाहिक बलात्कार, मानव बेचविखन तथा ओसार पसार गर्नु आदि यौन जन्य यातना तथा हिंसा हुन् ।

### घ) नियन्त्रणजन्य यातना तथा हिंसा

हिँड्डुल गर्न, मान्छे भेट्न, कार्यालयमा काम गर्न, मनोरञ्जन गर्न, धर्म कर्म गर्न, खानपान गर्न साथै श्रोत एवम् साधनहरूमा नियन्त्रण, आर्थिक श्रोत, साधनबाट वञ्चितीकरण, सम्पत्तिको दुरूपयोग, रोजगार वा आयआर्जन गर्ने कार्यबाट वञ्चित गर्ने आदि नियन्त्रणजन्य यातना यातना तथा हिंसा हुन् ।

### ङ) परम्परागत प्रथाजन्य हिंसा

बोक्सीको आरोपमा यातना दिनु, परम्परादेखि चल्दै आएको चलनको नाममा देवकी, बादि, झूमा, छाउपडी, छुवाछुत आदि परम्परा जनित प्रथाजन्य हिंसाहरू हुन् ।

### च) यौनजन्य दुर्व्यवहार वा हिंसा

कुनै व्यक्तिले कसैलाई उसको इच्छा विरुद्ध यौनजन्य मनसायले गर्ने व्यवहार यौनजन्य दुर्व्यवहार हो । यौनजन्य दुर्व्यवहार यौन मनसायले विपरित अथवा स्वलिङ्गी माथि गरिने अनिश्चित आचरण यौनजन्य दुर्व्यवहार हो । सामाजिक संरचनाका कारण यस प्रकारका दुर्व्यवहारबाट महिला तथा बालबालिकाहरू बढी पिडित हुन्छन् ।

## यौनजन्य दुर्व्यवहारका प्रकारहरू

- **शारीरिक:** अनावश्यक रूपमा छुनु, थपथपाउनु, छाम्नु, चिमोट्नु, सुमसुमाउनु, चुम्बन गर्नु ।
- **मौखिक:** अश्लिल वा अमानवजनक टिप्पणीहरू, यौनजन्य चुट्किलाहरू, अप्रिय ठट्टाहरू, इच्छा विरुद्धको यौनजन्य प्रस्तावहरू वा दवाव दिनु ।
- **लिखित:** अश्लिल वा कामूक तस्विर वा वस्तु वा लिखित सामाग्री प्र्दशन गर्नु, यौन सम्बन्धि सामाग्रीहरू वितरण गर्नु, अश्लिल वा कामुक चलचित्र देखाउनु ।
- **ईसारा:** घुरेर हेर्ने, सुसेली बजाउने, आँखा जुधाउने, आँखा झिम्काउने, यौनजनित अश्लिल इसारा वा हाउभाउहरू गर्ने, जिब्रो पड्काउने आदि ।

## लैङ्गिक हिंसाले स्वास्थ्यमा पार्ने प्रभावहरू

### क) मृत्युजन्य प्रभावहरू

शारीरिक, मानसिक एवं सामाजिक पक्षमा लैङ्गिक हिंसाजन्य क्रियाकलापहरूले गर्दा आत्महत्या एवं मृत्युसम्म भएको पाइन्छ । जस्तै एड्सबाट हुने मृत्युहरू, मातृमुत्यु हुनु तथा युवतीहरू एवं महिलाहरूद्वारा हुने आत्महत्या वा हत्या, पुरुषद्वारा गरिने हत्याहरू मृत्युजन्य असरहरू हुन् ।

### ख) शारीरिक स्वास्थ्यमा पार्ने असरहरू

चोटपटक लाग्नु, अंगभंग हुनु, अपाङ्ग हुनु, शारीरिक असक्तता हुने आदि लैङ्गिक हिंसाका शारीरिक स्वास्थ्यमा पर्ने नकारात्मक प्रभावहरू हुन् ।

### ग) मानसिक स्वास्थ्यमा पर्ने असरहरू

झोक्राएर बस्नु, बौलाउनु, खाना समस्या हुनु, डिप्रेसन चिन्ता हुनु, आत्मबल घट्नु, तर्सिनु, कराउँनु, निद्रा नलाग्नु, भ्रमित हुनु आदि मानसिक स्वास्थ्यमा पर्ने नकारात्मक असरहरू हुन् ।

### घ) प्रजनन् स्वास्थ्यमा पर्ने असरहरू

यौन रोगहरूबाट संक्रमण हुनु, असुरक्षित गर्भपतन हुनु, यौन सम्बन्धि समस्याहरू देखिनु, इच्छा विपरित गर्भधारण हुनु, कम तौलको बच्चा जन्मिनु, यौनअङ्गमा संक्रमण र गर्भ अवस्थामा समस्या जटिलता देखिनु आदि प्रजनन् स्वास्थ्यमा देखिने असरहरू हुन् ।

### ङ) नकारात्मक व्यवहार देखिनु र यसको असरहरू

मादक पदार्थ एवं सुर्तिजन्य पदार्थको लत लाग्नु, झगडालु स्वभावको विकास हुनु, काममा लगनशीलता घट्नु आदि नकारात्मक व्यवहारहरू हुन् जसले शारीरिक एवं मानसिक स्वास्थ्यामा पनि असर पार्दछ ।

### च) पारिवारीक स्वास्थ्यमा पार्ने असरहरू

बच्चाहरूको स्वास्थ्य विग्रनु, परिवारको स्वास्थ्य स्थिति बिग्रनु, सामाजिक क्रियाकलापहरूमा नकारात्मक प्रभाव पर्नाले प्रत्यक्ष वा अप्रत्यक्ष सोको असर परिवार स्वास्थ्यमा पर्नु आदि लैङ्गिक हिंसा जन्य क्रियाकलापहरूले गर्दा हुने नकारात्मक प्रभावहरू हुन् ।

## विद्यमान ऐन कानुनमा लैङ्गिक हिंसा विरुद्धको व्यवस्था

नेपालको संविधान: नेपालको संविधानले महिलाहरूको हकको व्यवस्था गर्दै महिला हिंसासँग सम्बन्धित विभिन्न कार्यलाई दन्डनीय हुने व्यवस्था गरेको छ । देशमा विद्यमान लैङ्गिक समस्यालाई अग्रगामी समाधान गर्न राज्यको अग्रगामी पूर्न संरचना गर्ने संकल्पको साथै लिङ्गको आधारमा भेदभाव नगरिने समानताको हक महिलाको हक निम्नानुसार प्रत्याभूति गरेको छ ।

### क) समानताको हक

सबै नागरिक कानुनको दृष्टिमा समान हुने छन् । राज्यले नागरिकहरूको बिच धर्म, वर्ण, लिङ्ग, जात जाति, उत्पत्ति भाषा वा वैचारिक आस्था वा ति मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।

### ख) महिलाको हक

प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन् सम्बन्धि हक हुने छ र कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दन्डनीय हुनेछ ।